बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

भरतपुर, चितवन

## कृषि विकास कार्यक्रममा सहभागिताको लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धी सूचना

सूचना नं. २/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१३

कृषि विकास कार्यालय, चितवनको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लिखित कृषि विकास कार्यक्रमहरु **"एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१"** बमोजिम लागत साझेदारीमा संचालन गर्न यस कार्यालयको कार्यक्षेत्र (चितवन र मकवानपुर जिल्ला) भित्रका **इच्छुक कृषक समूह, कृषि कार्यमा संलग्न सहकारी संस्था, निजी कृषि फर्म र कृषि कम्पनिहरुले** यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८१/०८/०३) कार्यालय समयभित्र देहाय बमोजिमका कागजातहरु सहितको निवेदन र कार्यविधि को अनुसूची-४ अनुसारको प्रस्ताव-पत्र तयार गरी कृषि विकास कार्यालय, भरतपुर, चितवन वा कार्यालयको सेवा केन्द्र हेटौंडा, मकवानपुरमा दर्ता गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | जम्मा बजेट (रु. लाखमा) | न्यूनतम शर्त एवं मापदण्ड |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई निर्माण कार्यक्रम | संख्या | ३० | ९० | कार्यविधिम उल्लेख भए बमोजिम |
| २ | बाँझो खेतमा साना सिंचाइ कार्यक्रम | संख्या | ३ | ९ | कार्यविधिम उल्लेख भए बमोजिम |
| ३ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | ४० | ८० | न्युनतम १.५ हेक्टर मा व्यवसायिक खेती/संरक्षित संरचनामा न्युनतम १ रोपनी |
| ४ | चैते धानबाली प्रबर्द्धन कार्यक्रम | हेक्टर | ४५ | ४५ | न्युनतम ३ हेक्टर/प्रति सदस्य २ रोपनी |
| ५ | मसिनो धान प्रबर्द्धन कार्यक्रम | हेक्टर | २५ | २५ | न्युनतम ३ हेक्टर/प्रति सदस्य २ रोपनी |
| ६ | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | न्युनतम ३ हेक्टर/प्रति सदस्य २ रोपनी |
| ७ | लसुन प्याज प्रवर्द्धन कार्यक्रम | हेक्टर | २० | २० | न्युनतम १ हेक्टरमा व्यवसायिक खेती |
| ८ | पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम | हेक्टर | ५ | १० | सयपत्रीः१ हेक्टर , कट फ्लावरः २ रोपनी |
| ९ | संरक्षित संरचनामा गोलभेडा खेती प्रवर्द्धन कार्यक्रम | संख्या | ६ | ४२ | न्युनतम १ रोपनीमा खेती गर्नुपर्ने |
| १० | संरक्षित संरचनामा उच्चमुल्य बाली (स्ट्रवेरी लगायत अन्य बाली) प्रवर्द्धन कार्यक्रम | संख्या | २ | ३० | न्युनतम १ रोपनीमा खेती गर्नुपर्ने |
| ११ | गोठेमल/भकारो सुधार कार्यक्रम | संख्या | ५० | १२.५ | प्रति क्लष्टर १० वटा भकारो सुधार गर्न इच्छुक कृषक समुह/कृषि सहकारी |

कृष्णनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

भरतपुर, चितवन

फोन नं: ०५६-४९३११५
Email: akcchitwan@gmail.com,
Web: www.chitwan.akc.gov.np,

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | जम्मा बजेट (रु. लाखमा) | न्यूनतम शर्त एवं मापदण्ड |
|---|---|---|---|---|---|
| १२ | स्मार्ट एग्रिकल्चर प्रविधि अबलम्वन सहयोग कार्यक्रम | संख्या | २ | २० | आवेदक: व्यवसायिक तरकारी खेतिमा संलग्न निजी कृषि फर्महरु। खुला जमीनमा न्युनतम ३ रोपनी र संरक्षित संरचनामा न्युनतम १८० वर्ग मिटर |
| १३ | सामुहिक खेती कार्यक्रम (नयाँ) | पटक | २ | २० | कार्यविधिमा उल्लेख भए बमोजिम |
| १४ | प्राङ्गारिक मल वितरण कार्यक्रम | मे.टन. | १०० | १० | नेपालमा उत्पादित प्राङ्गारिक मलमा प्रति के.जी. रु. १० अनुदान उपलब्ध । |
| १५ | नेपाल मौरीपालन महासंघसँगको सहकार्यमा मह संकलन केन्द्र स्थापना (८० प्रतिशत सहयोग) | संख्या | १ | ५० | कार्यविधिमा उल्लेख भए बमोजिम |

आवेदन/प्रस्तावपत्र पेश गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

- रु. १० को हुलाक टिकट टाँस गरेको निवेदन र कार्यविधि को अनुसूची-४ अनुसारको प्रस्ताव-पत्र ।
- कृषि बाली/वस्तु उत्पादन सम्बन्धि तथ्याङ्क फारम
- संस्था दर्ता, नविकरण, पान/भ्याट र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्धक पत्र वा विनियम/संस्थाको उद्देश्य खुलेको कागजात ।
- कार्यक्रम माग, संचालन र अख्तियार प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थागत निर्णयको छायाँकपि ।
- खेति गर्ने तथा संरचना निर्माण गर्ने जग्गाको लालपुर्जा वा कम्तिमा ५ वर्षको जग्गा भाडा सम्झौतापत्रको प्रतिलिपि ।
- स्थायी प्रकृतिको संरक्षित संरचना निर्माणको लागि कम्तीमा १० वर्षको करार सम्झौतापत्रको प्रतिलिपि ।
- सम्झौता बमोजिम कार्यसम्पादन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने निर्णय सहितको प्रतिबद्धतापत्र ।
- प्रस्तावमा उल्लिखित सोही कार्यको लागि अन्य सरकारी तथा गैरसरकारी निकायबाट सहयोग लिए/नलिएको स्व-घोषणा।
- सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा वा वडाको सिफारिस पत्र ।

पुनश्च: एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ यस कार्यालयको वेभसाइट https://chitwan.akc.gov.np/ वाट प्राप्त गर्न सक्नुहुन्छ ।

२०८१/०८/१६

अलकनाथ कंडेल
प्रमुख
अधिकृतस्तर (दशौं)